कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpu

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२(राजश्व उपशाखा)

च.नं.:

## विज्ञापन कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

(सूचना प्रकाशित मिति :२०८१/१२/३०)

चालु आ.व.२०८१/०८२, देखि २ वर्षका लागि यस कोहलपुर नगरपालिका बाट असुल गरी आएको विज्ञापन कर तपसिलका दर रेटमा संकलन गर्न निम्न शर्तहरुको अधिनमा रहने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यसनगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, तथा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | किसिम | कर तथा शुल्क संकलन क्षेत्र | न्युनतम ठेक्का मुल्य रु. (भ्याट सहित) | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विज्ञापन कर | कोहलपुर नगरपालिका | ९,९०,०५२.५०।- (नौ लाख बाउन्न रुपैंया पचास पैसा) | कुल ठेक्का अङ्कको १० प्रतिशत रु ९९,००५.२५। | १०००।०० (पछि फिर्ता नहुने) | |

शर्तहरु :

१. इच्छुक दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५औ दिन(२०८२/०१/१३ गते) सम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर (PAN)दर्ता, र आ.व. २०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु. १०००(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुल्ने दिन दरभाउपत्र खोलिनेछ ।

३. दरभाउपत्र बापतको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै वा कम्तिमा ९० दिनको समयावधि भएको मान्यता प्राप्त बैंक बाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ र दरभाउपत्रसाथ सिलबन्दी गरेको हुनुपर्नेछ ।

४. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५. आ.व. २०८१/०८२ को लागि विज्ञापन कर संकलनको अवधि सम्झौता भएको मिति देखि २ वर्ष सम्मको लागि हुनेछ । सो ठेक्का अंकमा प्रत्येक वर्ष १०% ले वृद्धि हुनेछ।

६. दरभाउपत्र स्वीकृत भई नियमानुसार सम्झौता भईसकेपश्चात कुनै किसिमको छुट, माफी वा मिनाहा दिईने छैन।

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpu

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२(राजश्व उपशाखा)

च.नं.:

७. सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको वार्षिक कबोल अंकको ५० प्रतिशत रकम यस नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको विभाज्य कोष खाता नं. ०७२०५०१०००२३५३५७ मा जम्मा गरेको सक्कलै भौचर र बांकी ५० प्रतिशत बापतको रकमको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको १३ महिना सम्म म्याद भएको बैंक जमानत (Bank Guarantee) पेश गर्नुपर्ने छ ।

८. दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ। सबै भन्दा बढी कबोल गर्ने दरभाउपत्रदातालाई स्वीकृत गरिनेछ।

९. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१०. दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

११. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. दरभाउपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१३. ठेक्का सम्बन्धी रसिदहरु बोलपत्रदाता आफैले छपाई नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट प्रमाणित नगराई उठाईएको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

१४. ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१५. यस सूचनामा उल्लेख नभएको कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन (संसोधन समेत), २०६३, सार्वजनिक खरिद नियमावली (संशोधन समेत), २०६४ र अन्य प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत